कालिकामाई गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हरिहरपुर बिर्ता, पर्सा

२ नं. प्रदेश, नेपाल

प.सं.:०७८/०७९

च.नं.:

मितिः- २०७८।०८।०१

## सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सुचना

(प्रथम पटक सुचना प्रकाशित भएको मिति २०७८/०८/०१

नेपाल सरकार सशर्त अनुदान बापत चालु आ.व. ०७८/०७९ को स्वीकृत कार्यक्रम अन्तर्गत यस कालिकामाई गाउँपालिकामा **खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा मुल्य अनुदान कार्यक्रम** संचालनका लागि देहायका शर्तको अधिनमा रहि गहुँको बिउ आपुर्ति गर्न इच्छुक सप्लायर्श/विजवृद्धि समुह/कृषि सहकारीहरुलाई सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन आह्वान गरिन्छ।

**शर्तहरु**

- आपुर्तिकर्ताले ***उन्नत बीउमा कृषकहरुलाई अनुदान कार्यक्रमको संचालन प्रक्रिया, २०७७*** को अधिनमा रहि कार्यक्रम संचालन गर्नुपर्नेछ।
- छनौट हुने आपुर्तिकर्ताले करिब ५० मेट्रिक टन बीउ आपुर्ति गर्नुपर्नेछ।
- बीउ आपुर्ति गर्दा गहुँको उन्नत जातहरु एन.एल.९७१, विजयगरि दुई जातको विउ कृषकको मागको आधारमा आपुर्ति गर्नुपर्नेछ
- आपुर्तिकर्ताले वितरण स्थल सम्मको ढुवानी लागत समेत संलग्न गरि प्रति के.जि. बिक्रिदर उल्लेख गर्नुपर्नेछ।
- कबोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्टसंग लेख्नुपर्नेछ, फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
- आपुर्तिकर्ताले आपुर्ति सम्झौता भएको २०(बीस) दिनभित्र विउ आपुर्ति तथावितरण समेत गरिसक्नु पर्नेछ।
- विउ वितरण कार्य प्रत्येक वडाको कम्तीमा तीन ठाउँमा हुने गरि यस कार्यालयले निर्धारण गरेको स्थानबाट सम्बन्धित आपुर्ति कर्ताले ढुवानी तथा वितरण गर्नुपर्नेछ
- आपुर्तिकर्ताले बिक्रि गरेको मुल परिमाणको बिक्रि मुल्यमध्ये ५० प्रतिशतले हुन आउने रकम यस कार्यालयले सम्बन्धित आपुर्तिकर्तालाई बैकिंग प्रणाली मार्फत भुक्तान गर्नेछ भने बाँकि रकम सम्बन्धित कृषकबाट आपुर्ति कर्ता स्वयंले भुक्तानलिनुपर्नेछ।
- सिलबन्दी दरभाउ पत्रका साथ आपुर्तिकर्ताले इजाजत पत्र, कर चुक्ता प्रमाण पत्र तथा अन्य आवश्यक कागजातहरु संलग्न राखि पेशगर्नु पर्नेछ।
- सिलबन्दी दरभाउ पत्र यस कार्यालयको नाउँमा बैक अफ काठमाडौं कालिकामाई शाखामा रहेको **खाता नं. ०१८८००००००९०५२४** मा रु. ३०००। पछि फिर्ता नहुने गरि) जम्मागरि यस कार्यालयबाट प्राप्तगर्न सकिनेछ।
- सिलबन्दी दरभाउ पत्र सुचना प्रकाशित भएको १६ औं दिन, दिनको १:०० बजे यस कार्यालयमा खोलिनेछ।
- सिलबन्दी दरभाउ पत्र पेश गर्ने अन्तिम दिन विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिनमा तोकिएको समयमा बुझाउन सकिनेछ।
- सिलबन्दी दरभाउ पत्र खोलिने दिन दरभाउ पत्र दाताको प्रतिनिधी उपस्थित नभएकै कारणले दरभाउ पत्र खोल्ने कार्यमा बाधा पुगेको मानिने छैन।
- दरभाउ पत्र स्वीकृति सम्बन्धि अन्तिम निर्णय गर्ने अधिकार यस कार्यालयलाई रहनेछ।
- यस सुचनामा उल्लेखित नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

२०७८।८।१

जयचन्द्र साह

प्रमुख प्रशासकीय अधिकृत

जयचन्द्र साह

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner